# निजामती कर्मचारीको सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

निजामती कर्मचारीको जीवनमा आइपर्न सक्ने दुर्घटनाका कारण हुने मृत्यु, शारीरिक अशक्तता तथा अङ्गभङ्ग लगायतका विविध प्रकारका अनिश्चिततायुक्त जोखिमहरु न्यूनीकरण गरी सोको जोखिम हस्तान्तरण गर्न सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन गर्न विनियोजन ऐन २०७९ को दफा ९ को उपदफा २ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम “निजामती कर्मचारीको सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अस्थायी पुर्ण अशक्तता” भन्नाले बीमित आय वा मुनाफा आर्जन गर्ने कुनै पनि व्यवसाय वा पेशा गर्न केही समयको लागि पूर्ण रुपले असमर्थ भएको अवस्था सम्झनु पर्छ ।

(ख) “कर्मचारी” भन्नाले यस कार्यविधिको प्रयोजनका लागि नेपाल सरकारको सङ्घीय निजामती सेवाको पदमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ ।

(ग) “बीमित” भन्नाले बीमालेख धारक संस्थाका बीमालेखसँग संलग्न दफा ३ बमोजिम बीमा गरिएको व्यक्ति सम्झनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ङ) “दुर्घटना” भन्नाले बाहिरी चोटपटक, आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट आकष्मिक र अप्रत्यासित रूपमा हुने घटना सम्झनु पर्छ ।

(च) “निर्देशन समिति” भन्नाले यस कार्यविधिको दफा ११ बमोजिमको समिति सम्झनु पर्छ ।

(छ) “स्थायी पुर्ण अशक्तता” भन्नाले भविष्यमा निको हुने वा नहुनेमा एकिन हुन नसकिने अवस्थाको घटना जुन घटना घटेको मितिदेखि तीन सय पैंसठ्ठी दिनसम्म बीमित स्थायी रूपमा पुर्ण अशक्त रहेको अवस्थासम्झनु पर्छ ।

३. **कर्मचारीको सामुहिक दुर्घटना बीमा गरिनेः** मन्त्रालयले कर्मचारीको एक वर्षको सामुहिक दुर्घटना गर्नेछ ।

तर, कुनै कारणवश वार्षिक बीमालेख जारी हुन नसकेमा छोटो अवधिका लागि कर्मचारीको सामुहिक दुर्घटना बीमा गर्न सकिनेछ ।

४. **बीमाङ्क र बीमाको प्रिमियमः** (१) दफा ३ बमोजिम सामुहिक दुर्घटना बीमा गर्दा रु दश लाख विमाङ्क रकम बराबरको बीमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको सामुहिक दुर्घटना बीमा गर्दा हुन आउने बीमा प्रिमियम रकम मन्त्रालयले व्यहोर्नेछ ।

५. **सामुहिक दुर्घटना बीमाले समेट्ने जोखिम क्षेत्रः** दफा ३ बमोजिम गरिने सामुहिक दुर्घटना बीमालेखले कार्यस्थल र अन्य सबै प्रकारको दुर्घटनाबाट सिर्जित देहायका जोखिम क्षेत्रलाई समेट्नेछ ।

(क) मृत्यु,
(ख) स्थायी पूर्ण अशक्तता, स्थायी आंशिक अशक्तता वा अस्थायी पूर्ण अशक्तता,
(ग) शारीरिक अङ्गभङ्ग र
(घ) औषधी उपचार ।

६. **बीमितले पाउने बीमा वापतको सुविधाः** बीमालेखको अधिनमा रही बीमा अवधिमा बीमितको मृत्यु भएमा बीमाङ्क बराबरको रकम एवं स्थायी पूर्ण अशक्तता, स्थायी आंशिक अशक्तता वा अस्थायी पूर्ण अशक्तता र शारीरिक अङ्गभङ्ग तथा औषधी उपचार आदि बीमितले पाउने बीमा वापतको सुविधा अनुसूची-१ बमोजिमको सम्झौता अनुसार बीमा कम्पनीले उपलब्ध गराउनेछ ।

७. **कर्मचारीको विवरण उपलब्ध गराउनेः**(१) मन्त्रालयले सामुहिक दुर्घटना बीमा गरिने सम्पूर्ण कर्मचारीको अद्यावधिक विवरण राष्ट्रिय किताबखानाबाट प्राप्त गरी बीमालेख जारी गर्ने कम्पनीलाई उपलब्ध गराउनेछ ।

(२) सामुहिक दुर्घटना बीमामा समावेश हुनको लागि बीमा कम्पनीलाई कर्मचारीको नाम, स्थायी ठेगाना र सम्पर्क नम्बरसहितको विवरण उपलब्ध गराउनु पर्नेछ ।

(३) दुर्घटना बाहेक अन्य कारणले कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको विवरण सम्बन्धित कार्यालयले मन्त्रालयलाई पैंतिस दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

८. बीमा गर्ने कम्पनी छनौटः मन्त्रालयले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही सामुहिक दुर्घटना बीमा गर्ने कम्पनी छनौट गर्नेछ ।

९. **बीमालेख जारी गर्नेः**(१) दफा ८ बमोजिम छनौट भएको बीमा कम्पनीले बीमित कर्मचारीको विवरण सहितको बीमालेख जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरेको बीमालेखको विवरण सम्बन्धित बीमा कम्पनीले मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **<u>सम्झौता गर्नेः</u>** (१) यस कार्यविधि बमोजिम छनौट गरिएको बीमा कम्पनीसँग अनुसूची-१ बमोजिम सम्झौतापत्रमा हस्ताक्षर गरी आपसी समझदारीका आधारमा सामुहिक दुर्घटना बीमा कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतापत्र अनुसार कार्यक्रम सञ्चालन गर्दा कुनै समस्या आइपरेमा मन्त्रालय र बीमा कम्पनीले आपसी समझदारीका आधारमा सम्झौतापत्र परिमार्जन गर्न सक्नेछन् ।

११. **<u>निर्देशन समिति गठनः</u>** (१) सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालनको रेखदेख एवं निर्देशनका लागि देहाय बमोजिमको निर्देशन समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) प्रतिनिधि, सहसचिवस्तर, बीमा समिति | -सदस्य |
| (ङ) सहसचिव, सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बीमा विज्ञ एवं बीमक बीमा कम्पनीको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैं तयार गर्न सक्नेछ ।

१२. **<u>निर्देशन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कर्मचारीको सामुहिक दुर्घटना बीमा र जोखिम हस्तान्तरण सम्बन्धी नीति तर्जुमा गर्ने,

(ख) सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालनको लागि आवश्यक निर्देशन दिने,

(ग) सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालनका सम्बन्धमा पेश भएका नीतिगत विषयमा निर्णय गर्ने,

(घ) बीमा कम्पनीसँग गरिने सम्झौतापत्रको ढाँचा स्वीकृतगर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने ।

(२) निर्देशन समितिले आवश्यकता अनुसार विषय विज्ञको सहयोग लिन सक्नेछ ।

१३. **<u>बाधा नपर्नेः</u>** यस कार्यविधि अनुरुप सामुहिक दुर्घटना बीमामा आवद्ध भएको कर्मचारीलाई अर्को कुनै बीमामा आवद्ध हुन र अन्य बीमा दाबी भुक्तानी गर्न बाधा पर्ने छैन् ।

१४. **<u>खर्च व्यवस्थापनः</u>** (१) कर्मचारीको सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले खर्च व्यवस्थापन गर्नु पर्नेछ ।

१५. **<u>अनुसूचीमा हेरफेरः</u>** यस कार्यविधि बमोजिम सामुहिक दुर्घटना बीमा कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यका आधारमा मन्त्रालयले निर्देशन समीतिको सिफारिसमा अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१६. **<u>प्रचलित कानून लागु हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानुनसँग बाझिएको देखिएमा सो व्यवस्था बाझिएको हदसम्म अमान्य भई प्रचलित कानून लागु हुनेछ ।

१७. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा कुनै द्विविधा वा बाधा अड्काउ परेमा मन्त्रालयले निर्देशन समीतिको सिफारिसमा आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८. **<u>खारेजी र बचाउः</u>** (१) निजामती कर्मचारीको सामुहिक दुर्घटना वीमा कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ खारेज गरिएको छ ।

(२) निजामती कर्मचारीको सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा ६ र दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**सङ्घीय निजामती सेवाका कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र श्री ........................ कम्पनी लिमिटेड बीच भएको सम्झौता पत्र**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं (यसपछि प्रथम पक्ष भनिएको) र ................ कम्पनी लिमिटेड, ............., काठमाडौं (यसपछि दोस्रो पक्ष भनिएको) बीचमन्त्रालयको सङ्घीय निजामती सेवाका कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा कार्यक्रम अनुसार देशभर कार्यरत (निजामती कितावखानाको सूची बमोजिम) निजामती कर्मचारीहरूको सामूहिक दुर्घटना बीमा गर्नको लागि पहिलो पक्ष र दोस्रो पक्षबीच देहायको शर्तहरुको अधिनमा रही द्विपक्षीय सम्झौता गरी लियौं, दियौं ।

**शर्तहरु:-**

१. बीमित कर्मचारीहरुको बीमालेखको अवधि पहिलो पक्षको अनुरोधमा बीमालेख जारी भएको मितिदेखि .............. अवधिको हुनेछ र प्रति व्यक्ति बीमाङ्क रकम रु. १०,००,०००।०० (अक्षरेपी दश लाख रुपैंया मात्र) हुनेछ।

२. यो बीमाले सामूहिक दुर्घटना बीमालेखमा उल्लेख भए बमोजिमका जोखिमहरूको रक्षावरण गर्ने र यसको लागि .............. अवधिको बीमाशुल्क कूल बीमाङ्कमा प्रति हजार रु. ......... (टिकट शुल्क बाहेक) लाग्नेछ । यसमा कुनै पनि मूल्य अभिवृद्धि कर रकम लाग्ने छैन ।

३. बीमाको लागि आवश्यक बीमाशुल्क पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी गर्नेछ भने बीमितको दाबी भुक्तानी दोस्रो पक्षले पहिलो पक्ष मार्फत गर्नेछ ।

४. दोस्रो पक्षबाट जारी बीमालेखले कार्यस्थल लगायतका अन्य सबै प्रकारको दुर्घटनाबाट सिर्जित मृत्यु , स्थायी वा अस्थायी अङ्गभङ्ग, औषधोपचार लगायतको बीमालेख बमोजिम वित्तीय जोखिम बहन गर्नेछ।

५. सम्झौतामा उल्लेखित शर्त तथा सेवा सुविधाहरु दोस्रो पक्षले बीमालेखमा उल्लेख गरे वमोजिम हुनेछ ।

६. पहिलो पक्ष र दोस्रो पक्षबीच कुनै विषयमा बिवाद आएमा आपसी छलफल र समझदारीका आधारमा समाधान गरिनेछ ।

७. पहिलो पक्षबाट तयार गरिएको बीमामा समेट्ने सेवा सुविधा, दाबी प्रक्रिया, बीमाले समेट्ने विषयहरु सहित कार्यक्षेत्रगत शर्तहरु यस सम्झौताको अङ्गको रुपमा रहनेछ।

८. वीमालेखको समयावधि कायम रहदै कुनै निजामती कर्मचारी सेवानिवृत्त भएतापनि सम्झौता अवधिसम्म वीमालेख कायम रहनेछ ।

९. यस सम्झौता बमोजिम देहायका सुविधाहरु बीमालेखको अधिनमा रही .............. अवधिको लागि अधिकतम बीमाङ्क रकम रु. दश लाखको सीमाभित्र रही प्राप्त हुनेछन्:

(क) **दुर्घटनाको कारणले भएको मृत्यु:** दुर्घटनाको प्रत्यक्ष कारणबाट दुर्घटना भएको १८३ दिन भित्र बीमितको मृत्यु भएमा क्षतिपूर्ति स्वरूप दोस्रो पक्षले बीमाङ्कको शतप्रतिशत (रू. १० लाख) प्रदान गर्नेछ।

**(ख)** **<u>पार्थिव शरिर व्यवस्थापन तथा किरिया खर्च:</u>** बीमितको मृत्यु भएको खण्डमा दोस्रो पक्षले बीमितको पार्थिव शरिरको परिवहन तथा व्यवस्थापन गर्न १० हजार रूपैंया प्रदान गर्नेछ ।

**(ग)** **<u>काज किरिया खर्च:</u>** दुर्घटनाबाट बीमितको मृत्यु भएमा दोस्रो पक्षले बीमाङ्कको अतिरिक्त थप हुनेगरी बीमाङ्कको १० प्रतिशत वा पचास हजार रूपैंयामध्ये जुन कम हुन्छ सोही वरावरको रकम प्रदान गर्नेछ ।

**(घ)** **<u>स्थायी पूर्ण असक्तता:</u>** (१) बीमा गरिएको अवधिभित्र भएको दुर्घटनाको कारणले दुर्घटनाको मितिबाट ३६५ दिन भित्र बीमित स्थायी पूर्ण असशक्त भएमा दोस्रो पक्षले देहाय बमोजिमको क्षतिपूर्ति प्रदान गर्नेछः

| **विवरण** | **शोधभर्ना** |
|---|---|
| (क) स्पाइनल इन्जुरीको कारण पुनः ठिक नहुने गरी मेरुदण्डको हड्डी काम नलाग्ने भएमा<br>(ख) कुनै एउटा हातको नाडी देखि माथि पुरै हात काम नलाग्ने भएमा<br>(ग) कुनै एउटा खुट्टाको गोलीगाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा<br>(घ) दुवै आँखा पुनः दृष्टि फर्कन नसक्ने गरी काम नलाग्ने भएमा<br>(ङ) पुनः श्रवणशक्ति नफर्कने गरी दुवै कान नसुन्ने भएमा<br>(च) पुनः बोली नफर्कने गरी बोल्न नसक्ने भएमा | बीमाङ्कको शत प्रतिशत |
| (छ) एउटा आँखा पुनः दृष्टि फर्कन नसक्ने गरी काम नलाग्ने भएमा<br>(ज) पुनः श्रवणशक्ति नफर्कने गरी एउटा कान नसुन्ने भएमा | बीमाङ्कको पचास प्रतिशत |

**(ङ)** **<u>स्थायी आंशिक असक्तता:</u>** बीमा गरिएको अवधि भित्र भएको दुर्घटनाको कारणले दुर्घटनाको मितिबाट तीनसय पैंसठ्ठी दिन भित्र बीमित स्थायी आंशिक असक्त भएमा दोस्रो पक्षले देहाय बमोजिमको क्षतिपूर्ति प्रदान गर्नेछः

| **विवरण** | **शोधभर्ना** |
|---|---|
| (क) कुनै एउटा हातको काँधको जोर्नीदेखि तलको पुरै भाग काम नलाग्ने भएमा<br>(ख) कुनै एउटा हातको कुहिनोदेखि तलको पुरै भाग काम नलाग्ने भएमा<br>(ग) कुनै एउटा हातको नाडी देखि तलको पुरै भाग काम नलाग्ने भएमा<br>(घ) कुनै एउटा खुट्टाको जाँघदेखि तलको पुरै भाग काम नलाग्ने भएमा<br>(ङ) कुनै एउटा खुट्टाको घुँडा देखि तलको पुरै भाग काम नलाग्ने भएमा<br>(च) कुनै एउटा खुट्टाको गोलीगाँठो देखि तलको पुरै भाग काम नलाग्ने भएमा | बीमाङ्कको पचास प्रतिशत |
| (छ) कुनै एउटा बुढी औंला वा चोरी औंला काम नलाग्ने भएमा<br>(ज) दुर्घटनाको कारणले स्मरणशक्ति हराएमा | बीमाङ्कको बीस प्रतिशत |
| (झ) हात वा खुट्टाको अन्य कुनै औंला काम नलाग्ने भएमा | बीमाङ्कको दश प्रतिशत |
| (ज) अन्य कुनै अङ्गमा क्षति भएमा | समानुपातिक |

**(च) <u>अस्थायी पूर्ण असक्तताः</u>** दुर्घटनाको कारणबाट बीमित अस्थायी पूर्ण असक्त भईआफ्नो पेशा व्यवसाय गर्न पूर्ण रूपमा असक्षम भएमा बीमाङ्कको सीमा भित्र रहने गरी छव्वीस हप्ता सम्म बीमकले प्रति महिना बीमाङ्कको पाँच प्रतिशत वा मासिक बीस हजार रूपैंयामध्ये जुन कम हुन आउँछ सोही वरावरको रकम उपलब्ध गराउनेछ। यो प्रावधान बीमित कर्मचारी पूर्ण रूपमा असक्षम भई बेतलवी बिदामा बस्नुपर्ने अवस्थामा मात्र लागु हुनेछ।

**(छ) <u>औषधी उपचारः</u>**दुर्घटनाको कारणबाट बीमितलाई औषधी उपचार गर्दा खर्च भएमा दोस्रो पक्षले बीमाङ्कको अतिरिक्त थप हुनेगरी रू. १ लाख सम्मको रकम बिल भरपाई अनुसार शोधभर्ना गर्नेछ ।

**१०. यस सम्झौता बमोजिम सामुहिक दुर्घटना बीमालेखले नसमेट्ने अवस्थाहरु निम्न अनुसार हुनेछः-**

(१) **देहायको अवस्थावा कारणबाट भएको मृत्यु वा चोटपटकमा दोश्रो पक्षले दाबी भुक्तानी गर्नेछैनः**

(क) जानी जानी आफैंले लगाएको चोट,

(ख) आत्महत्या वा आत्महत्याको प्रयासको कारणले भएको दुर्घटना,

(ग) मादक पदार्थ वा लागू औषधीको प्रभावको कारणबाट भएको दुर्घटना,

(घ) कावा खाने खेल (व्हील रेश), घोडदौड, बन्जी जम्पिङ्ग, प्यारा ग्लाइडिङ्ग वा मोटरसाइकल दौडको कारणले भएको दुर्घटना, पोलो, शिकार, स्कुवा ड्राइभिङ्ग, निशानबाजीको कारणले भएको दुर्घटना,

तर यस खण्डमा उल्लेख भएका जोखिमहरु बीमितको ईच्छाअनुसार सम्पुष्टी जारी गरी थप बीमा शुल्क समेत लिएर रक्षावरण गर्न सकिनेछ ।

(ङ) पागलपन वा मानसिक सन्तुलनको कारणले भएको दुर्घटना,

(च) बीमितबाट कुनै प्रचलित कानून भंग गरेको परिणामबाट भएको दुर्घटना,

(छ) दुर्घटनाबाट नभई उद्वेग वा स्नायु सम्बन्धी चोट,

(ज) मानव जीवन रक्षा गर्ने प्रयास गर्दा बाहेक नचाहिदो खतरा मोल्दा भएको दुर्घटना ।

(२) **<u>युद्ध वा युद्ध सरहको अवस्थाः</u>** सैनिक विद्रोह शक्ति अपहरण, घेरावन्दी वा युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्) गृह युद्ध, , सैनिक विद्रोहको कारणबाट भएको दुर्घटनाको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैन ।

(३) विकिरणयुक्त पदार्थ तथा आणविक, रसायनिक तथा जैविक हतियारः (१) विकीरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट वा रेडियोधर्मिता (स्वतः जारी रहने अणुको बिच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटनाबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।
तर मुख्य पेशाको रुपमा कार्यरत कर्मचारीको हकमा यो दफा लागु हुने छैन ।

(२) आणविक, रासयनिक तथा जैविक आम विनासकारी हात-हतियारको प्रयोग वा

सोसँग प्रत्यक्ष  वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटनाबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन।

(४) **<u>दाबी भुक्तानी नहुने अन्य अवस्था:</u>**देहायको कुनै अवस्था उत्पन्न भएमा बीमितले यस बीमालेख अन्तर्गत दाबी वापतको क्षतिपूर्ति पाउने छैनः

(क) दावी जालसाजीपूर्ण भएमा वा झुठ्ठा विवरण दिएमा

(ख) दावीको सिलसिलामा बीमालेख धारक वा बीमित वा निजको तर्फबाट कार्य गर्ने व्यक्तिले झुठ्ठा वयान दिई कुनै अनुचित लाभ उठाउन खोजेमा, वा

(ग) बीमा ऐन, २०४९ बमोजिम बीमा समितिले बीमकको पक्षमा फैसला गरको पैंतीस (३५) दिन भित्र उच्च अदालतमा उजुरी नगरेमा ।

(५) **<u>दाबी रकमको सीमाः</u>** यस बीमालेख अन्तर्गत रु. दुई हजार पाँच सयभन्दा कम रकम दाबी गर्न पाइनेछैन् ।

**११. बीमा दावी प्रक्रिया देहाय बमोजिम हुनेछः-**

(१) दुर्घटनामा परेको बिमित सम्बन्धी जानकारी दुर्घटना परेको मितिले तोकिएको समय भित्र कम्पनीलाई सोको जानकारी गराउनु पर्नेछ ।

(२) दावीको भुक्तानीका लागि आवश्यक कागजपत्र सहित तोकिएको समयभित्र कम्पनी समक्ष दावी पेश गरिसक्नु पर्नेछ ।

(३) दावीको भुक्तानीका लागि आवश्यक कुनै कागजात नपुग भएको अवस्थामा दोस्रो पक्षले सोको जानकारी सम्बन्धित बिमितलाई गराउनु पर्नेछ ।

(४) दावी भुक्तानी प्रक्रिया सरल तथा सहज बनाउने दायित्वदोस्रो पक्षको हुनेछ ।

(५) दावी भुक्तानी सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार दोस्रो पक्षसँग सुरक्षित रहनेछ । दावी भुक्तानी गर्नु नपर्ने कारण उत्पन्न भएमा वा गलत दावी परेको भन्ने दोस्रो पक्षलाई लागेका यसको यथोचित कारण सहित सम्बन्धित बीमितलाई जानकारी गराइनेछ ।

(६) दावी भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिले बढीमा १५ दिनभित्र दावी एकीन गरी भुक्तानी गरिनेछ ।

(७) दावीको लागि आवश्यक पर्ने कागजातहरु निम्नानुसार रहनेछन्:

(क) बीमितको निवेदन वा कार्यरत कार्यालयको जानकारी पत्र (दुर्घटना भएको ३५ दिन भित्र),

(ख) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको दुर्घटना प्रमाणित प्रहरी प्रतिवेदन वा मुचुल्काको प्रति,

(ग) दाबी फाराम पुरा भरी सोमा बिमितको कार्यरत कार्यालयको छाप, कर्मचारी परिचय पत्रको छायाँ प्रति, बिदा प्रमाणित (बिदामा बसको अवस्थामा भए), उपचार गरेको अस्पतालको छाप, चिकित्सकको दस्तखत सहित एन.एम.सी. नम्बर हुनुपर्ने ।

(घ) चिकित्सकको सक्कलै Prescription र Discharge Slip तथा CARD-X को प्रतिलिपि ।

(ङ) चिकित्सकको सक्कलै Prescription र Discharge Slip बमोजिमको क्रेताको नाम थर तथा विक्रेताको नाम थर र सहिछाप स्पष्ट भएको र स्थायी लेखा नम्बर (PAN NO.) उल्लेख भएका औषधि खरिदका सक्कल बिल ।

(च) Prescription र Discharge Slip तथा CARD-X बमोजिमका Lab Test तथा X-ray का सक्कल रिपोर्टहरु।

(छ) असक्त भएको प्रमाण (असक्त भएमा) ।

(ज) बीमितको मृत्यु भएको दाबीको लागि निम्न थप कागजातहरुः

मृत्युदर्ता प्रमाण पत्र, नाता प्रमाणित पत्र, हकवालाको निवेदन र नागरिकता, सम्बन्धित कार्यालयबाट कर्मचारी दुर्घटनामा परी मृत्यु भएको जानकारी पत्र, मृत्युको कारण स्पष्ट खुल्ने कागजात, शव परीक्षण गरिएको भए शव परीक्षण (पोष्टमार्टम) प्रतिवेदन, अस्पताल भर्ना भएको भए अस्पताल भर्ना भएको र डिस्चार्ज भएको प्रमाण, दावीको सत्यता जाहेर गर्ने कागजात, दावीको सम्बन्धमा बीमकलाई आवश्यक पर्ने बयान जस्ता प्रमाण लगायत दाबी उत्पन्न हुने घटनाबारे बीमकलाई आवश्यक पर्ने सम्पूर्ण विवरण तथा जानकारी ।

१२. यस सामुहिक दुर्घटना बीमामा आवद्ध भएको कर्मचारीलाई अर्को कुनै बीमामा आवद्ध हुन र अन्य बीमा दाबी भुक्तानी गर्न बाधा पर्ने छैन् ।

| **<u>पहिलो पक्षको तर्फबाट</u>** | **<u>दोस्रो पक्षको तर्फबाट</u>** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| छापः | छापः |

| **साक्षीः** | **साक्षीः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

ईति सम्बत् २०७९ साल .......... महिना .....गते रोज् .... शुभम्